# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७

## औरही नगरपालिका
## महोत्तरी




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General

प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या : २०७६।७७
च.नं. २२३

मिति : २०७७।३।३०

श्री नगर प्रमुखज्यू,
औरही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, महोत्तरी ।

**विषय: लेखापरीक्षण प्रतिवेदन**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट )
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पु¥याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पु¥याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या :२०७६।०७७
च.नं. २२३

मिति: २०७७।३।३०

श्री नगरप्रमुखज्यू,
औरही नगरपालिका
महोत्तरी ।

विषय: लेखापरीक्षण प्रतिवेदन

**कैफियत सहितको राय**

हामीले औरही नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु ५ करोड ८५ लाख २० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु २४ लाख ८९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु ५ करोड १९ लाख ९६ हजार नियमित गर्नुपर्ने रु १३ लाख ६९ हजार पेश्की बाँकी रु २६ लाख ६६ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।९।१० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहित प्रमाण कागजात पेश हुन नआएकोले वेरुजु फछ्यौट नभई कायम भएका व्यहोराको अन्तिम प्रतिवेदन पाना २६ यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

..............................
(विन्दु विष्ट)
नायब महालेखापरीक्षक

# औरही नगरपालिका
## लेखापरिक्षण प्रतिवेदन
## २०७५।०७६

**स्थानीय संचितकोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम औरही नगरपालिकाले प्राप्त गरेका आय,अनुदान तथा साहायता र स्थानीय सरकारबाट संचालन भएको आय व्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| सि.नं. | आय तर्फ | | | सि.नं. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ६६४२८७०२।३६ | १ | **चालु खर्च** | | १३८७४१२८५।५३ |
| | क) नगद | | | | सामाजिक सुरक्षा | ४०४००६००।०० | |
| | ख) बैंक | ६६४२८७०२।३६ | | | गरिबसंग विशेश्वर कार्यक्रम | ०।०० | |
| २ | **राजश्व (आन्तरीक आय)** | | ५३६१८१३५।९२ | | बहुक्षेत्रिय पोषण कार्यक्रम | १३८७०००।०० | |
| | क) आन्तरीक राजश्व | १७६६१७९।९६ | | | सशर्त अनुदान | ६६५१७०८८।०० | |
| | ख) राजश्व बांडफांड | ५१८५१९५५।९६ | | | सेवा निवृत्त संचित विदा | ८८१४६८।७३ | |
| | ग) अन्य आय | | | | औषधी उपचार | ११६९६०८।८० | |
| ३ | **वित्तिय हस्तानान्तरण** | | २०५८२१२५०।०० | | संघ राजश्व बांडफांड | २८३८५५२०।०० | |
| | क) वित्तिय समानीकरण अनुदान | ९८५०००००।०० | | | आन्तरीक चालु | ०।०० | |
| | ख) सशर्त अनुदान | १०७३२१२५०।०० | | | अन्य खर्च कोष | ०।०० | |
| | ग) समपुरक अनुदान | ०।०० | | २ | **पुंजीगत खर्च** | | ११८६११७५४।०२ |
| | घ) विशेष अनुदान | ०।०० | | | बित्तिय समानिकरण | ८९७८२१३५ | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | १४८६२०००।०० | | राजश्व बांडफांड | ० | |
| | क) वित्तिय समानीकरण अनुदान | २७०८०००।०० | | | आन्तरीक कोष | ० | |
| | ख) सशर्त अनुदान | १००००००००।०० | | | प्रदेश सरकार | ९९९९०४५ | |
| | ग) समपुरक अनुदान | ०।०० | | | स्थानीय पुर्वाधार | १४९३११६ | |
| | घ) विशेष अनुदान | ०।०० | | | झोलुङ्गे पुल | ० | |
| | ङ) प्रदेश राजश्व बांडफांड | २१५४०००।०० | | | मधेश समृद्धी कार्यक्रम | २२४६४९८ | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | सडक वोर्ड नेपाल | २५००००० | |
| ६ | **वित्तिय व्यवस्था प्राप्ती** | | | | प्रधानमन्त्री रोजगार कार्यक्रम | ४४९८८० | |
| | क) ऋण प्राप्ति | | | | स्थानीय शासन तथा सामुदायिक बिकास कार्यक्रम | १६७४०९ | |
| | ख) सांवा प्राप्ति | | | | बेरुजु | ११७२८६७१ | |
| | ग) ब्याज प्राप्ति | | | | युनिसेफ फिर्ता | २४५००० | |
| | **विभिन्न कोष तर्फको आय** | | | | | | |
| ८ | जनसहभागिता (नगद) | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | विषयगत निकायबाट प्राप्त रकम | | | ३ | **वित्तिय व्यवस्था भुक्तानी** | | |
| ११ | लगानीको सांवा फिर्ता | | | | क) ऋण भुक्तानी | | |
| १२ | अन्य विविध आय | | | | ख) ब्याज भुक्तानी | | |
| १३ | सामाजिक सुरक्षा | | ४०५१५०००।०० | | ग) अन्य भुक्तानी | | |
| १४ | स्थानीय पूर्वाधार कार्यक्रम | | ३५०००००।०० | ४ | **लगानी** | | |
| १५ | झोलुगें पुल | | ०।०० | | ऋण लगानी | | |
| १६ | गरिबसंग विशेश्वर कार्यक्रम | | ०।०० | | शेयर लगानी | | |
| १७ | मधेश समृद्धी कार्यक्रम | | २५००००००।०० | | अन्य लगानी | | |
| १८ | बहुक्षेत्रिय पोषण कार्यक्रम | | १३८७०००।०० | ५ | **धरौटी खाता मा ट्रान्सफर** | | ४९८२५९।५२ |
| १९ | सेवानिवृत्त संचित विदा कार्यक्रम | | ८८१४६८।७३ | ६ | **बाढी पिडित** | | २२५०००।०० |
| २० | सेवा निवृत्त औषधी उपचार | | ११६९६०८।८० | ७ | **मौज्दात** | | १३७६०६६६६।७४ |
| २१ | सडक वार्ड नेपाल | | २५०००००।०० | | क) नगद मौज्दात | | |
| २२ | प्रधानमन्त्री रोजगार कार्यक्रम | | २२२१०००।०० | | ख) बैंक मौज्दात | १३७६०६६६६।७४ | |
| २३ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | | २५००००।०० | | | | |
| २४ | बेरुजु | | २८८००।०० | | | | |
| | जम्मा : | | **३९५६८२९६५।८१** | | | | **३९५६८२९६५।८१** |

| सि.नं. | भौ.नं.मिति र विवरण | रकम |
|---|---|---|
| | **परिचय** : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्बद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नुनै नगरपालिका स्थापनाको प्रमुख उदेश्य हो । २ नं. प्रदेशमा अवस्थित यस नगरपालिका अर्न्तगत ९ वडा, ५० सभा सदस्य रहेका छन् । ३५.७६ व.की.मी.क्षेत्रफल ओगटेको यस नगरपालिकाको जनसंख्या ३१७५१ रहेको छ । | |
| | महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना २०७६ अनुसार स्वीकृत भएको ईकाइगत लेखापरीक्षण योजना बमोजिम कार्यालयले पेश गरेको आर्थिक बिवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र र अन्य बिवरण तथा लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शन समेतलाई आधार मानी नगरपालिकाको आर्थिक बर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार छन :- | |
| १. | **वजेट पेश गर्ने तथा पारित गर्नेः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ। आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ऐनमा व्यवस्था भए बमोजिम आर्थिक बर्ष २०७५।७६ को आय व्ययको विवरण २०७६।३।१० मा सभामा पेश गरेकोमा २०७६।३।३१ मा सभावाट स्वीकृत भएको देखियो । | |
| २. | **नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) प्रतिवेदन तयार नगरेको** : स्थानीय तहले आर्थिक वर्ष २०७५।७६ देखि नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित लेखा राखी प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सो अनुरुप लेखा तयार गरी प्रतिवेदन गरेको देखिएन । नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार लेखा राख्ने व्यवस्थालाई कार्यान्वयन गर्नुपर्दछ। | |
| ३. | **विद्युतीय लेखा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ तथा महालेखा नियन्त्रकको कार्यलयले निःशुल्क रुपमा उपलव्ध गराई सवै नगरँपालिका तथा नगरपालिकाहरुले Sub National Tresury Regulatory Application (SuTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले उक्त सफट्वेयरको प्रयोग गरेको देखिएन । लेखाप्रणालीलाई सूचना प्रविधिमा आधारित बनाउनुपर्दछ। यस वर्ष देखि लागु गरेको जवाफ प्राप्त भएको छ। | |
| ४. | **मध्यकालिन खर्च संरचना** : अन्तर–सरकारी वित्त ब्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्र भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहीत मध्यकालीन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । नगरँपालिकाले सार्वजनिक खर्च ब्यवस्थापनलाई प्रभावकारी बनाउने मध्यमकालिन खर्च संरचना कार्यान्वयनमा ल्याएको छैन । स्रोतको बितरणमुखी प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लागतलाभ विश्लेषण गरी लागतप्रभावी बनाउन मध्यकालीन खर्च संरचनालाई कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनुपर्दछ। | |
| ५. | **खरिद योजना** : सार्वजनिक खरिद नियमावली २०६४, को नियम ८ मा बार्षिक १० लाख भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा बार्षिक खरिद योजना तयार गर्नुपर्ने | |

| सि.नं. | भौ.नं.मिति र विवरण | रकम |
|---|---|---|
| | व्यवस्था छ । नगरपालिकाले बार्षिक खरिद योजना तयार नगरी पटक पटक गरी सोझै खरिद गर्ने गरेकोले खरिद कार्य मितव्ययी , पारदर्शी र नियमसम्मत छ भनी बिश्वस्त हुन सकिएन । ऐन नियम बमोजिम सोझै खरिद गर्ने ,शिलबन्दी दरभाउपत्रबाट खरिद गर्ने र बालेपत्रको माध्यमबाट खरिदगर्ने रकम र समय सिमा निर्धारण गरी नियमसम्मत र पारदर्शीरुपमा खरिद गर्न ध्यान दिनुपर्दछ । | |
| ६. | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । नगर सभावाट वजेट स्वीकृत भई प्रमुख प्रशासकीय अधिकृतलाई ७ दिन भित्रमा खर्च गर्ने अख्तियारी दिएको जवाफ प्राप्त भएको छ । | |
| ७. | **आन्तरिक नियन्त्रण प्रणाली** : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा गरेको छैन । यस सम्बन्धी अन्य व्यहोराहरु तपसिल अनुसार रहेका छन् ।<br>● सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्नेमा गरेको छैन ।<br>● जिन्सी निरीक्षण प्रतिवेदनमा पेश भएको छैन । जिन्सी निरक्षण नहुँदा मालसामानको अवस्था ज्ञात नभई मर्मत तथा लिलाम प्रकृया नुहुने अवस्था रहेको छ ।<br>● मूल्य खुल्न नसकेका सामानहरुको मुल्य खुलाई राख्नुपर्नेमा केही सामानहरुको मूल्य खुलाएको छैन ।<br>● मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमै नदिई आर्थिक वर्षको अन्त्यमा मात्र दिएको छ ।<br>● स्वीकृत कार्यक्रम अनुसार चौमासिक खर्च गर्नुपर्नेमा कुल खर्चमध्ये अधिकांश रकम तेश्रो चौमासिक र असारमा खर्च गरेको छ ।<br>● कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।<br>● वार्षिक कार्यक्रम अनुसार अनुगमन मूल्याङ्कन प्रतिवेदन र बार्षिक कार्य प्रगति बिवरण तयार गरको छैन ।<br>● कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरी रसिद, बिल, भरपाईहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले “भुक्तानी भएको” जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार गरेको छैन ।<br>● कार्यलयले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ (क) बमोजिम वस्तु तथा सेवा आपुर्तिको लागि मौजुदा सूची अर्ध बार्षिक रुपमा तयार गरेको छैन ।<br>● यस नगरपालिकाले ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिजेन्सी खाता राखेको छैन ।<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको छैन ।<br>● विभिन्न निर्माण तथा मर्मत कार्यको लागि निर्माण सामाग्री ढुवानी गर्दा निर्माण सामाग्री र ढुवानीको कर बिजक लिनु पर्नेमा प्यान बिल र भर्पाइ मात्र संलग्न गरेको पाइयो ।<br>● सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार रु.१० लाख भन्दा बढीको निर्माण कार्य गराउँदा विमा गराउनु पर्नेमा गराएको छैन ।<br>● सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना | |

| सि.नं. | भौ.नं.मिति र विवरण | रकम |
|---|---|---|
| | तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको छैन ।<br>● सार्वजनिक निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति र कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति उल्लेख गरेको छैन ।<br>● कन्टिन्जेन्सी खर्चको बजेट तथा कार्यक्रम स्वीकृत गरी वर्क स्टाफ चार्ज १.५ प्रतिशत र अन्य सानातिना खर्चको १.५ प्रतिशत को सिमा भित्र रही खर्च गरेको अभिलेख रजिष्टर राखेको छैन ।<br>● निजामती सेवा ऐन २०४९ वमोजिम कर्मचारीको कार्य विवरण बनाई लागु गरेको छैन ।<br>● वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको छैन । | |
| ८. | **कर्मचारी व्यवस्था :**निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा ४७ जनाको कर्मचारी दरवन्दी रहेकोमा १२ जना कर्मचारीको दरवन्दी पदपुर्ति भई ३५ रिक्त रहेको अवस्था छ । कार्यालयले सेवा प्रवाहलाई छिटो, छरितो र प्रभावकारी वनाउनको लागि दरवन्दी अनुसार पद पूर्ति गर्नुपर्दछ । | |
| ९. | **राजस्व लेखा र श्रेस्ता सम्बन्धमा:** आर्थिक कार्यविधि, २०५५ को दफा १२ मा राजस्व संकलन, दाखिला र राजस्व श्रेस्ता सम्बन्धमा उल्लेख गरिएको छ । जसअनुसार राजस्व श्रेस्ता खडा गर्ने सम्बन्धमा नेपाल सरकारको सिफारिसमा महालेखापरीक्षकबाट विभिन्न फाराम तथा खाताको व्यवस्था छ । राजस्व आर्जन गर्ने हरेक निकायले उल्लेखित फाराम तथा खाताहरुको प्रयोग गरी राजस्व श्रेस्ता अद्यावधिक गर्नुपर्दछ । यस कार्यालयले यस वर्ष प्राप्त गरेको विभिन्न किसिमका राजस्व (मालपोत दस्तुर, पञ्जीकरण शुल्क आदी) आर्जन गरेकोमा रसिद नियन्त्रण खाता, आम्दानी रसिदको प्रविष्टिको लागि प्रयोग गरीने दैनिक आम्दानी खाता ( म.ले.प.फा.नं. १०८) खाता तथा विवरण राखेको पाईएन । यस्तो अवस्थामा राजस्व आम्दानी लक्ष्य अनुसार भयो भएन थाहा पाउन सकिदैन र जति राजस्व उठेको हो त्यो नै वास्तविक आय मान्नुपर्ने हुँदा राजस्व संकलनमा अनियमितता हुन सक्ने सम्भावना हुन्छ । अतः कार्यालयले उल्लेखित खाता तथा विवरण राखी राजस्व श्रेस्ता अद्यावधिक गर्नुपर्छ र राजस्व संकलनमा प्रभावकारीता अभिवृद्धि गर्नुपर्दछ । | |
| १०. | **श्रोत अनुमान तथा वजेट सिमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याईएतापनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा राखेको देखिएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ११. | **योजनागत लक्ष्य प्रगति :** नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आ.व. मा नगरसभाबाट कुल १६० योजना स्वीकृत गरेकोमा ६४ योजना सम्पन्न भएको तथा ९६ योजना अधुरो प्रगतीमा देखियो । राजनीतिक विवादका कारण वडा नं. १, ८ र ९ का योजनाहरु सञ्चालन भई बिल प्राप्त भएता पनि कार्यसम्पन्न हुन नसकेकाले आगामी वर्षमा गर्ने गरी भुक्तानी दिन बाँकी रकमका रुपमा जिम्मेवारी सारेकोले भौतिक प्रगती कम देखिएको भनी कार्यालयले जवाफ दिएको छ । राजनीतिक दल पदाधिकारीहरु बीच आपसी समझदारी, समन्वय, र सहकार्य गरी गराई वार्षिक कार्यक्रम तथा योजनाहरु निर्धारित समयमै कार्यान्वयन गर्न र शुन्य प्रगतीको कारण पहिचान गरी लक्ष्य अनुरुपको प्रगती हासिल गर्ने तर्फ नगरपालिकाले ध्यान दिनु पर्दछ । | |

| प्रमुख कियाकलाप | इकाई | लक्ष्य | भौतिक प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|---|

| सि.नं. | भौ.नं.मिति र विवरण | रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| वडास्तरिय योजना | वटा | ७६ | २२ | २८.९४ |
| नगरस्तरिय योजना | वटा | ७३ | ३४ | ४६.५८ |
| प्रदेश सरकार तर्फको योजना | वटा | ४ | ४ | १०० |
| संघ सरकार तर्फको योजना | वटा | ४ | ४ | १०० |

१२. **चौमासिक खर्च** :आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगती विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार पुँजीगत तर्फ प्रथम चौमासिकमा ०.११ प्रतिशत, दोश्रो चौमासिकमा ९.७ प्रतिशत र तेश्रो चौमासिकमा ९०.१८ प्रतिशत रु.८०९६७१८३।०० खर्च गरेको देखिएको छ । यसै गरी आषाढ महिनामा मात्र कुल खर्चको ५३.९२ प्रतिशत अर्थात ४८४१५६०६।०० खर्च भएकोमा वर्षको अन्तमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । कार्यको गुणस्तरियता सुनिश्चित गर्न आषाढमा खर्च गर्ने प्रवृतिमा सुधार गरिनुपर्दछ ।

| कार्यक्रम | कुल खर्च | चौमासिक | | | आषाढको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोश्रो | तेश्रो | |
| वित्तिय समानिकरण | ८९७८२१३५.०० | १०४९८०.०० | ८७०९९७२.०० | ८०९६७१८३.०० | ४८४१५६०६.०० |

१३. **फ्रिज नगरेको** :आर्थिक कार्यविधि नियमावली , २०६४ को नियम ३३ मा महालेखा नियन्त्रक कार्यालयले फ्रिज नहुने भनी उल्लेख गरेको बाहेक बजेट शीर्षकको निकासा रकम खर्च नभई बाँकी रहेमा सालतमाम हुनुभन्दा कम्तिमा ७ दिन अगाडि आर्थिक कारोवार बन्द गरी कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । खर्च नभई वाँकी रहेको निम्नानुसार फ्रिज हेने रकम को.ले.नि.का.मा फिर्ता दाखिला नगरी नगरपालिकामानै राखेको देखिएकोले उक्त रकम बेरुजु बापत संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु

रकम: ४५६८५६१४.००

| अनुदानको किसिम | निकासा | खर्च | बाँकी रकम |
|---|---|---|---|
| शिक्षा | ७१८८७०००.०० | ५२६००३०२.०० | १९२८६६९८.०० |
| स्वास्थ्य | २८१७७२५०.०० | १०४९३०६८.०० | १७६८४१८२.०० |
| कृषि तथा पशु | ४५१३०००.०० | १६७९१८१.०० | २८३३८१९.०० |
| महिला | ७३४०००.०० | ७३०२६१.०० | ३७३९.०० |
| सौर्य उर्जा | ११३२०००.०० | ४९८५००.०० | ६३३५००.०० |
| सहकारी | ५४००००.०० | ५१५७७६.०० | २४२२४.०० |
| वन | २३८०००.०० | ० | २३८०००.०० |
| खेलकुद | १०००००.०० | ० | १०००००.०० |
| सशर्त सामाजिक सुरक्षा | ४०५१५०००.०० | ४०४००६००.०० | ११४४००.०० |
| प्रदेश सशर्त | १००००००००.०० | ९९९९०४५.०० | ९५५.०० |
| तराई मधेश समृद्धी कार्यक्रम | २५०००००.०० | २२४६४९८.०० | २५३५०२.०० |
| स्थानिय पूर्वाधार साझेदार कार्यक्रम | ३५०००००.०० | १४९३११६.०० | २००६८८४.०० |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | २२२१०००.०० | ४४९८८०.०० | १७७११२०.०० |
| LGCDP | २५०००००.०० | १६७४०९.०० | ८२५९१.०० |

| सि.नं. | भौ.नं.मिति र विवरण | रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| अल्या | | | ६५२०००.०० |
| जम्मा | १६८५५७२५०.०० | १२१२७३६३६.०० | ४५६८५६१४.०० |

| सि.नं. | भौ.नं.मिति र विवरण | रकम |
|---|---|---|
| १४. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको नगरपालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा नगर प्रोफाइल तयार गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १५. | **कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानूनबमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्नुपर्ने ब्यवस्था छ । नगरपालिकाले आन्तरिक श्रोतको आम्दानी बढाई कर्मचारी कल्याणकोषको लागी बार्षिक दायित्व यकिन गरी कर्मचारी कल्याण कोष खातामा रकम जम्मा गरेको छैन भनै जि.स.स. मा रहेको कर्मचारी कल्याण कोषको रकम प्राप्त गरेको छैन । अत : स्थानीय तहका कर्मचारीहरुले सेवा निवृत हुँदा प्राप्त गर्ने सेवा सुबिधामा भविष्यमा एकमुष्ट आर्थिक दायित्व पर्न जाने हुँदा कर्मचारीहरुको अवस्था समेतलाई मध्यनजर गरी कर्मचारी कल्याण कोषको ब्यवस्था गर्नुपर्दछ । | |
| १६. | **न्यायिक समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा न्यायिक समितिको ब्यवस्था रहेको छ । नगरपालिकाले ३ सदस्य रहेको न्यायिक समिति गठन गरेको छ । न्यायिक समितिसमक्ष आ.व.०७५/७६ मा नगर भित्र परेका विवाद सम्बन्धमा न्यायिक छलफल गरी गराई आपसमा समभ्कदारी समन्वय कायम गरी मुद्दाको छिनोफानो गरी शान्तिपूर्ण समाज निर्माण गर्नुपर्नेमा न्यायिक समितिले यो वर्ष कुनै काम नगरी निष्कृय रहेको देखियो । समितिले नगरपालिकाको वडागत रुपमा परेका विवाद दर्ता अभिलेख राखी सूक्ष्म ढंगबाट विवादको विषयवस्तुको विश्लेषण गरी विवाद न्यूनीकरणलाई सहयोग पुऱ्याउने सम्बन्धी कार्यक्रमको सञ्चालन गर्नुपर्ने साथै न्यायिक समितिको क्रियाशीलता र प्रभावकारिता बढाउनुपर्ने हुँदा न्यायिक समितिलाई विवाद समाधानमा जिम्मेवार र जवाफदेही तुल्याई सर्वसाधारणलाई कम खर्चिलो, सरल र छरितो न्याय प्रदान गर्न ध्यान दिनुपर्दछ । | |
| १७. | **स्थानीय तहका पदाधिकारी सुविधा** : नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार प्रदेश नं. २ को संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५ जारी गरेको छ। उक्त ऐनमा भएको ब्यवस्थाअनुसार नगरँपालिकाबाट देहायबमोजिम रु ७८३६०००।०० सुविधा वापत भुक्तानी भएको छ । | |

| सि.नं | विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख | वडा अध्यक्ष ९ जना | कार्यपालिका सदस्य ८जना | सभाका सदस्य ३० जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | मासिक सुविधा | ३५००० | ३१००० | ७००० | २२००० | ७००० | ७८०००००.०० |
| २. | सञ्चार सुविधा | १५०० | १५०० | - | - | - | ३६०००.०० |
| जम्मा | | | | | | | ७८३६०००.०० |

| सि.नं. | भौ.नं.मिति र विवरण | रकम |
|---|---|---|
| १८. | **कन्टिजेन्सी खर्च** : अर्थ मन्त्रालयको ०७०।१।१४ को परिपत्र बमोजिम नगरपालिकाले खर्च गर्ने पूँजीगत रकमको ५ प्रतिशत कन्टिन्जेन्सी मध्ये २ प्रतिशत पूजीगत प्रकृतिको कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । | |

| सि.नं. | भौ.नं.मिति र विवरण | रकम |
|---|---|---|
| | नगरपालिकाले पुँजीगत खर्चको ४ प्रतिशत रु....... कन्टिनजेन्सी वापत कट्टी गरेकोमा रु १०२७४९०।०० खर्च गरेको छ । कन्टिनजेन्सी खर्च गर्द पूँजीगत र चालु खर्च अर्थात वर्क स्टाफ चार्ज र अन्य साना तिना खर्च भनी छुटयाएर स्पष्ट अभिलेख नराखेको र उक्त खर्च नापी कितावमा समावेश नगरी बजेट खर्च लेखेको छ । अर्थ मन्त्रालय तथा सडक विभागले गरेको परिपत्र समेतलाई आधार लिई कार्यविधि बनाई खर्च गर्नुपर्नेमा कार्यविधि नबनाई खर्च गरेको नियम सम्मत देखिएन । अतः सम्बन्धित योजनासंग आवध्द गरी नापी किताबमा चढाई १.५ प्रतिशत बर्क स्टाफ चार्ज र १.५ प्रतिशत अन्य सानातिना खर्चको अनुपात मिलाई नियमसंगत र पारदर्शीरुपमा खर्च गर्न ध्यान दिनु पर्दछ । | |
| १८.१ | स्थानिय स्तरका कृषक निर्माण लगायतको निर्माण कार्यको लागत अनुमान तयार गर्दा हिमाल र पहाडको लागि ४ प्रतिशत र तराईका जिल्लाको लागि ३ प्रतिशतमा नबढने कन्टिनजेन्सी रकम छुटयाई कार्यालयले आवश्यकताका आधारमा बर्क स्टाफ चार्जमा १.५ प्रतिशत र अन्य सानातिना कार्यमा १.५ प्रतिशतको अनुपात मिलाई खर्च गर्नु पर्दछ । महोत्तरी जिल्लाका अन्य स्थानीय तहले निर्माण कार्यको २ देखि ३ प्रतिशत सम्म कन्टिनजेन्सी रकम छुटयाई खर्च गर्ने गरेकोमा यस नगरपालिकामा ४ प्रतिशत कन्टिन्जेन्सी कट्टा गरी खर्च गर्ने गरेको देखियो । स्थानीय तहको कन्टिन्जेन्सीबाट भ्रमण खर्च , स्टेशनरी र निर्माण सम्बन्धी भैपरी आउने खर्चहरु घट्दै गएकोले २ देखि ३ प्रतिशत रकम मात्र कन्टिन्जेन्सी वापत छुटयाई नियमसंगत र पारदर्शीरुपमा खर्च गर्न ध्यान दिनु पर्दछ । कार्यालयले जानकारीको अभावमा ४ प्रतिशत कन्टिन्जेन्सी छुटयाएको तर आ.व. २०७५।७६ मा ३ प्रतिशत भन्दा पनि कम गरेकोले आगामी आर्थिक बर्ष देखि सुझाव बमोजिम ३ प्रतिशतमा नबढने गरी कन्टिन्जेन्सी काटी खर्च गरिने भनी जवाफ दिएको छ । | |
| १९. | **निर्माण कार्य** : सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सोवा प्राप्त गर्दा मितव्ययी , गुणस्तरीयता वा दिगोपना अभिबृद्धि हुने भएमा वब परियोजनाको मूख्य उदेश्यनै रोजगारीको श्रृजना गर्ने भएमा उपभोक्ता , समिति वा लाभग्राही समुदायबाट काम गराउन सकिन उल्लेख छ । नगरपालिकाले अधिकाँश याजनाहरु उपभोक्ता समिति मार्फत गराएको र ठेक्का प्रकृया नअपनाएको, उपभोक्ता समितिबाट निर्माण गरेको कार्यको गुणस्तर परीक्षण भएको पाईएन भने रोजगारी श्रृजना भएको समेत देखिएन । प्रतिष्पर्धात्मक तरीकाले निर्माण कार्य गराउँदा मितव्ययी र गुणस्तरीय कार्य हुने र खर्चमा पारदर्शीता कायम हुन जनेतर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| २०. | **बीमा** :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ बमोजिम रु १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्न निर्माण व्यवसायीले निर्माण स्थल, निर्माण सामग्री र कामदारको बीमा गराउनुपर्ने व्यवस्था छ । नगरपालिकाले सडक निर्माण, भवन निर्माण , बिधुतीकरण लगायत सम्पूर्ण कार्यमा उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराउँदा बीमा गराउने प्रावधान राखेको छैन । जोखिमयुक्त जटिल प्राविधिक पक्ष सामवेश भएको कार्य र हेभि मेशिनरि प्रयोग गर्नुपर्ने कार्य निर्माण व्यवसायीबाट प्रतिस्पर्धाको माध्यमबाट गराउन र जोखिम बहन गर्न बीमा गराउने तर्फ ध्यान दिनु पर्दछ । | |
| २१. | **गुणस्तर परीक्षण** :सार्वजनिक खरिद नयमाबली , २०६४ को नियम ९ को उप नियम (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण कार्य तथा सामाग्रीको गुणस्तर परीक्षण गरेको छैन । निर्माण कार्यको गुणस्तर परीक्षण नगर्दा निर्माण सामाग्री र सम्पन्न कार्य गुणस्तरयुक्त छ भनी आश्वस्त हुन सक्ने अवस्था छैन । नियममा तोकिए अनुसार सबै निर्माण कार्यको गुणस्तर परीक्षण गर्नु पर्दछ । | |
| २२. | **सवारी साधन खरिदको विवरण** आर्थिक कार्यविधि नियमाबली, २०६४ को नियम १२३ मा नेपाल सरकारलाई दिर्घकालीन रुपमा दायित्व श्रृजना हुने सवारी साधन खरिद गर्नु पूर्व अर्थ मन्त्रालयको स्वीकृति लिई खरिद गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष २ वटा मोटरसाईकल १ वटा स्कुटर, खरिद गरेको छ । नेपाल सरकारलाई दिर्घकालिन रुपमा सवारी चालक , इन्धन खर्च, मर्मत खर्च सम्बन्धी व्ययभार पर्ने विषयमा अर्थ मन्त्रालयको सहमती लिई खरिद गर्नुपर्नेमा त्यसरी सहमती नलिई खरिद गर्नेकार्य नियमसंगत भएन । | |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>

| क्र.सं | सवारी साधन | खरिद संख्या | मूल्य | प्रयोग गर्ने पदाधिकारी संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | मोटरसाइकल | ३ | ६०००००.०० | | |

</td><td></td></tr>
<tr><td>२३.</td><td>उपभोक्ता समितिको कार्य : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न गरेको कामको प्राविधिक मुल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई पेश गर्नुपर्ने तथा प्राविधिक मुल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजातमा योजनाको नाम, शुरु मिति, सम्पन्न मिति, उपभोक्ता समितिको छाप लगायतका प्रमाण स्पष्ट देखिने गरी समावेश गर्नुपर्ने उल्लेख छ । यस वर्ष पालिकाले नगरस्तरिय तथा वडागत योजनाहरु उपभोक्ता समिति मार्फत सम्पन्न गरेकोमा सम्पन्न योजनाको प्राविधिक मुल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदनमा योजनाको नाम, शुरु मिति, सम्पन्न मिति लगायतका विवरण उल्लेख नगरेको तथा उपभोक्ता समितिको छाप लगाएको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न हुने योजनासँग सम्बनधित कागजातमा उल्लेखित विवरण स्पष्टसँग देखिनेगरी उल्लेख गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>२४.</td><td>योजना अनुगमनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को उपदफा ४(ख) मा नगरपालिका उपप्रमुखले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरभिजन गरी सोको प्रतिवेदन बैठकमा पेश गर्नुपर्ने, न्यायिक समितिको संयोजक भई कार्य गर्ने, उपभोक्ताको हित संरक्षण सम्बन्धी कार्य गर्ने, गैर सरकारी संघ संस्थाका क्रियाकलापको संरक्षण गर्नुपर्ने काम, कर्तव्य र अधिकारको उल्लेख छ । नगरपालिकाबाट सञ्चालित निर्माण कार्यको अनुगमन तथा सुपरभिजन गर्न उपभोक्ता समिति तथा कार्यालयबाट फोन मार्फत अनुरोध गर्दा आउनु नभएको र कार्यालयमा अनुपस्थित भएको भनी नगर प्रमुखबाट अनुगमन गरी निर्माण कार्यको भुक्तानी दिने गरेको देखियो । ऐनको उल्लेखित व्यवस्था अनुसार योजना तथा कार्यक्रमको नगर उपप्रमुखबाट अनुगमन तथा सुपरभिजन गरी प्रतिवेदन कार्यपालिकामा पेश गरी योजना तथा कार्यक्रमको उद्देश्य प्राप्त गर्न गराउन ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२५.</td><td>निर्माण सामाग्री ढुवानीः नगरपालिकाबाट खानी स्थलका आधारमा राजमार्गबाट दायाँ बायाँ ५-५ किलोमिटर छाडी दुरीको गणना गरी निर्माणको नर्म्स र स्थानीय दररेट नतोकिएमा जिल्ला दररेटको आधारमा दररेट विश्लेषण गरी लागत अनुमान तयार गर्नु पर्दछ । औरही नगरपालिकाबाट बर्दिवास ९-१० कि.मि. र गौशाला ६-७ कि.मि. भित्र पर्ने भएकोले निर्माण स्थल र खानीको दुरी कायम गर्दा ५ कि.मि. कट्टा गरी बर्दिवासबाट १०-१२ कि.मि. र गौशालाबाट ५ कि.मि. दुरी कायम गर्नुपर्नेमा ग्राभेल, गिटी, ढुंगा, बालुवाको लागि २० कि.मि. र माटो ढुवानीमा ४ कि.मि. लिड राखी लागत अनुमान तयार गरी कार्य गराएकोले बढी व्ययभार पर्न गएको देखियो । नगरपालिका भित्र प्राप्त हुने माटोको लागि लिड दिन नहुने र अन्य सामाग्री ढुवानीको लागि निर्माण स्थल र खानी स्थलको आधारमा लिड कायम गरी नियमसंगत मितव्ययी र पारदर्शि रुपमा लागत अनुमान तयार गरी निर्माण कार्य गर्न गराउन ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>समाजिक सुरक्षा तर्फ</td><td></td></tr>
<tr><td>२६.</td><td>आर्थिक कार्यविधि नियमावली २०६४,को नियम ३६ (३) बमोजिम खर्च गर्दा खर्चको बिल भरपाईसहित लेखा राखनुपर्ने व्यवस्था छ । कार्यालयलले नगरपालिका का वडा सचिव विकाउ यादव वडा नं. २ , ५ , ७ र ९ मा बालपोषण भत्ता बितरणका लागि दिएको पेश्की फछ्यौटको बिल भरपाई रु १०५८०००। रहेकोमा रु १०६५२००। पेश्की फछ्यौट गरेकोले बिल भरपाई भन्दा वढी भुक्तानी गरेको सम्वन्धित वाट असुलउपर गर्नुपर्ने रु</td><td>७२००.००</td></tr>
</table>

| सि.नं. | भौ.नं.मिति र विवरण | रकम |
|---|---|---|
| | **सशर्त अनुदान तर्फ :** | |
| २७. | **६१ - २०७५।१२।१५,** आर्थिक कार्यविधि नियमावली , २०६४ को नियम ३६ मा खर्चको बिल भरपाई रीतपूर्वक रहे नरहेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयले कुष्ठ रोग निवारण अभियान कार्यक्रमका लागि स्वास्थ्य सह संयोजक श्याम यादवलाई दिएको पेश्की रु ५०००००। फछ्यौट गर्दा पेश गरेको बिल भरपाईमा श्रोत व्यक्ति सन्तोष पोखरेलेलाई भुक्तानी गरेको रु ५१०। र क्ष.कु.सु.अ. राम बाबु यादवलाई भुक्तानी गरेको भत्ता रु १३४००। को भरपाईमा हस्ताक्षर नभएकोले उक्त रकम पेश्की लिने व्यक्ती बाट असुलउपर गर्नुपर्ने रु | १३९१०.०० |
| | **बित्तिय समानिकरण पूँजीगत तर्फ :** | |
| २८. | **१९-०७५।९।२३ :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८ को उपदफा ५ मा नगरपालिका वा नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन समाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सर्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले आ.व. २०७४।७५ को आय व्ययको सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण कार्यक्रम र २०७५।७६ को बजेट साबजनिक कार्यक्रममा ३००० जना उपस्थित भएको उल्लेख गरी ६२३ जनाको हाजिरी संलग्न गरी जनचेतनशील समाज जलेश्वर २ लाई कायक्रम वापत रु ३००००० । भुक्तानी गरेको देखियो । सार्बजनिक कार्यक्रममा सरोकारबाला नगरवासी , राजनैतीक दलका प्रतिनिधि , पत्रकार , संघ संस्थाका प्रतिनिधि, जिल्ला स्थित सरकारी कार्यालय, जिल्ला समन्वय समिति , जिल्ला प्रशासन कार्यालयका पदाधिकारी समेतलाई नगरपालिकामा आमान्त्रण गरी कार्यालयकै कर्मचारीबाट न्यूनत्तम खर्चमा कार्यक्रम सञ्चालन गर्नुपर्नेमा गैर सरकारी संस्थासंग संभौता गरी बढी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ । | |
| २९. | **२३-०७५।९।२३ ,** वडा नं. ३ को कृषि सडक र गाँउ ब्लकको सडकका लागि ३० वटा हयुम पाईप ०७५।२।३० भित्र खरिद गर्न ०७५।२।१५ मा ल.ई. रु ३३००००। मध्ये रु ३०००००। नगरपालिकाले व्यहोर्नृ गरी उपभोक्ता समितिका अध्यक्ष बिन्देश्वर राय संग संभौता भएको छ । उपभोक्ता समितिले लागत अनुमानमा ९०० mm ( ३६ इञ्च) का ४ र ६०० mm का १२ थानको ०७५।३।१४ मा कार्य सम्पन्न भएको भनी उपभोक्ताको भेलाले सार्वजनिक सूचना फारममा उल्लेख गरेको छ भने नापी किताव र कार्य सम्पन्न मूल्यांकन प्रतिवेदन २०७५।३।१५ मा तयार भएको आधारमा ०७५।३।२८ को हयुमपाईप खरिदको बिल संलग्न राखी ०७५।९।२३ मा रु ३०००००। भुक्तानी गरेको अनियमित देखियो । उक्त हयुम पाईप कुन याजनामा प्रयोग भएको चेनेज नखुलेको र गत आ.व. २०७४।७५ मा सम्पन्न कार्यको बजेट हुदाँहुँदै ६ महिना पछि भुक्तानी गर्नुपर्ने कारण स्पष्ट नभएको र म.ले.प. १८ वेगर भुक्तानी गरेको कार्यको अनुगमन गरी गराई प्राविधिक मूल्यांकन पेश गर्नुपर्ने रु | ३०००००.०० |
| २९.१ | अर्थमंत्रालयको कार्य सञ्चालन निर्देशिका २०७३ अनुसार १ दिने कार्यक्रममा प्रतिवेदन पारिश्रमिक रु १०००। र ५ दिन भन्दा बढी भएमा बढीमा रु ३०००। दिनुपर्ने व्यवस्था छ । एक दिने सार्वजनिक सुनवाई कार्यक्रमको प्रतिवेदन पारिश्रमिक रु १०००। दिनुपर्नेमा रु ५०००। भुक्तानी गरेकोले बढी भुक्तानी असुलउपर गर्नुपर्ने रु | ४०००.०० |
| ३०. | मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम सोको नियमाबली , २०५३ को अनुसूची ५ बमोजिमको ढाँचामा सिलसिलेवार नम्वर सहितको प्रिन्टेड बिजक जारी गर्नुपर्ने र आगामी महिनाको २५ दिन भित्र मू.अ.कर दाखिला गर्नुपर्ने व्यवस्था छ । वडा नं. ३ को सडकमा प्रयोग गर्न १६ वटा हयुम पाईप खरिद भई ०७५।३।१४ मा कार्य सम्पन्न भएकोमा बाग्मती हयुमपाईप उद्योग कमैया ३ को बिजक नं. ०१२९८ मिति ०७५।३।२८(प्यान नं. ३००१५४४३०) मा जारी भएको र ०७५।९।२५ मा भुक्तानी भएकोले रु ३०००००। मा समावेश मू.अ.कर समयमै दाखिला भएको भनी यकिन गर्ने आधार भएन । उक्त भुक्तानीमा समावेश मू.अ.कर करमा समायोजन भएको प्रमाण पेश गर्नुपर्ने रु | ३४५१३.२७ |

| सि.नं. | भौ.नं.मिति र विवरण | रकम |
|---|---|---|
| ३१. | **गो.भौ.नं. ३४-०७५।१०।०९,** अधुरो दलान निर्माण वापत २०७४।७५ को बजेट तथा कार्यक्रमको सि.नं. २ मा रु ११ लाखको बजेट अनुसार सम्झौता भएकोमा सोही कार्यक्रमलाई ०७५।७६ को बजेट तथा कार्यक्रमको सि.नं. ३ मा समावेश गरेको छ । उपभोक्ता समितिको वैठकले ०७५।३।१९ मा कार्य सम्पन्न भएको उल्लेख गरेकोमा ७ महिना पछि रु १२६३४७३।२० मा कार्य सम्पन्न भएको भनी म.ले.प. फारम नं. १८ भुक्तानी दिने बाँकीको कच्चाबारी प्रमाणित बेगर रु ११०००००। भुक्तानी गरेको अनियमित देखिन्छ । उपभोक्ता समितिले ०७५।३।१७ को बैठकबाट निर्माण सम्पन्न भएको निर्णय गरेकोमा गत बर्ष २०७४।७५ मा बजेट हुँदाहुँदै भुक्तानी हुन नसकेको कारण स्पष्ट नभएकोले उक्त कार्यको अनुगमन गरी गराई प्रतिवेदन पेश गर्नुपर्ने रु | ११०००००.०० |
| ३२. | **गो.भौ.नं. ३५-०७५।१०।११,** मू.अ.कर ऐन, २०५२ को दफा १४ मा सोको नियमावली , २०५३ को अनुसुची ५ को ढाँचामा सिलसिलेबार नम्बर सहितको प्रिन्टेड बिजक जारी गर्नुपर्ने ब्यबस्था छ । वडा नं. २ स्थित सोनामाई परिसर व्यवस्थापन तथा सौन्दर्यकरण कार्यक्रमको प्रथम रनिङ बिलको रु १०९४३५४।०० उपभोक्ता समितिलाई भुक्तानी गर्दा रङ खरिद रु १९०१११।२० - भ्याट नं.३०४२११८७८ बिजक नं. ७०५ मिति ०७५।१०।४ को बिजकमा बिक्रेताको दस्तखत नभएकोले बिजकमा समावेश मू.अ.करको कर समायोजन प्रमाण पेशगर्ने अन्यथा असुलउपर गर्नुपर्ने रु | २१८७१.२० |
| ३३. | **गो.भौ.नं. ४७-०७५।११।०७,** तालिम ,गोष्ठी, सेमिनार, कार्याशाला बैठक आदि सञ्चालन गर्दा हालसम्म नगरपालिकाले नेपाल सरकार अर्थ मन्त्रालयले जारी गरेको कार्य सञ्चालन निर्देशिका, २०७३ लाई आधार मानी खर्च लेख्ने गरेको तर प्रदेश नं. २ को मन्त्रालय तथा निकायहरुको लागि प्रदेश सरकारले खर्चको मापदण्ड सम्बन्धी निर्देशिका , २०७५ तयार गरी लागु गरेकोले सोही बमोजिम खर्च लेख्नु पर्दछ ।हिउँदे मिनी किट तरकारी बितरण र च्याउ बितरण तथा तालिमको लागि कविता बिष्टले लिएको पेश्की रु २५००००। समेत रु ४५००००। खर्च लेखेकोमा निम्नानुसार नर्म्स भन्दा रु २३९५०.०० बढी खर्च लेखेको देखियो । कार्यसञ्चालन निर्देशिका २०७३ मा उल्लेख दर र संख्या भन्दा बढीको खर्च असुलउपर गर्नुपर्ने रु. | २३९५०.०० |

| बिबरण | नर्म्स अनुसार हुने खचए | खर्च लेखेको | बढी खर्च |
|---|---|---|---|
| सहभागी भत्ता सहभागी २५ जनाको रु ७०० का दरले पाउनेमा रु ७५० का दरले खर्च लेखेको । | १८९००.०० | २१०००.०० | २१००.०० |
| प्रशिक्षक भत्ता रु ७०० दरले ३ दिनको ४ कक्षादरले हुनेमा (कार्यपत्रको रु ७५० दरले रु ६७५०। छुटै लिएको ) | ८४००.०० | १३५००.०० | ५१००.०० |
| ब्यानर फलेक्स बोर्ड | ३०००.०० | ९१००.०० | ६१००.०० |
| खाजा खर्च रु १५० दरले बिल ३० जनाको ३ दिनको( उदघाटन समापनको खाजा रु १००००। बाहेक ) | १३५००.०० | २१२५०.०० | ७७५०.०० |
| मसलन्द खर्च रु १०० दरले २५ सहभागी | २५००.०० | ५४००.०० | २९००.०० |
| जम्मा | ४६३००.०० | ७०२५०.०० | २३९५०.०० |

| सि.नं. | भौ.नं.मिति र विवरण | रकम |
|---|---|---|
| ३४. | आयकर ऐन, २०५८ को दफा ८८ मा पटके भत्ता तथा पारिश्रमिकमा १५प्रतिशत, मालसामान खरिदमा मू.अ.कर बिजक भए १.५ कर कट्टी गर्नुपर्ने व्यवस्था छ । तरकारी तथा स्याउको बिउ वितरण र खेती सम्बन्धी तालिम खर्च रु ४५००००। मा नर्म्स तथा खाजा खर्चक बिल अनुसार पारिश्रमिक कर , अग्रिमकर, बहालकर जम्मा रु १६३०४। लाग्नेमा रु ७४१२। मात्र कट्टी तथा दाखिला गरेकोले नपुग कर असुलउपर गर्नुपर्ने रु | ८८९२.०० |
| ३५. | **घटी कर कट्टी :** आयकर ऐन, २०५८ को दफा ८७ र ८८ मा रोजगारी बापतको पारिश्रमिक ज्याला रु. ४००,०००।०० सम्ममा १ प्रतिशत सामाजिक सुरक्षा कर, मालसामान खरिदको मू.अ.कर बिजकको भुक्तानीमा १.५ प्रतिशत र गिटी, ढुङ्गा, बालुवा, माटोको ढुवानीमा प्यान बिल भरपाई र डोजर एक्साभेटरको भाडामा १० प्रतिशत बहाल कर कट्टी गरी भुक्तानी गर्नु पर्दछ । पालिकाबाट निर्माण कार्य गराई ज्याला,ढुवानी भाडा, डोजर एक्साभेटरको भाडा र मालसामान खरिद गर्दा उल्लेखित व्यवस्था | |

| सि.नं. | भौ.नं.मिति र विवरण | रकम |
|---|---|---|
| | अनुसार रु १२३३८४५.००कर लाग्नेमा रु ७२५६०९.०० मात्र कर कट्टी गरेको देखियो । नियमानुसार अग्रिम कर कट्टी नगरी घटी कर कट्टी गर्दा राजश्व प्राप्तिमा कमी हुन गई सरकारलाई बजेट तथा कार्यक्रम सञ्चालनमा असर पर्न सक्ने हुँदा कर कट्टीको व्यवस्था मिलाई छुट भएको कर असुलउपर गर्नुपर्ने रु. | ५०४७८५.२७ |

| गो.भौ.नं. | कार्यक्रम बिवरण | लाग्ने कर | कट्टी कर | नपुग कर |
|---|---|---|---|---|
| ९१-०७६।२।३ | महिला हिंसा तथा बालबिवाह अन्त्य सम्बन्धी तालिमका समाजिक जनचेतना अभियान नेपाल महोत्तरी गा.पा. ६ लाई रु १५००००। भुक्तानी मध्ये प्रशिक्षक सहभागी पारिश्रमिकमा रु ६०१५। र बहाल कर रु ११००। समेत | ७१५५.०० | ३३३७.०० | ३७७८.०० |
| ९२-०७६।२।५ | महिला हिंसा तथा बालबिवाह अन्त्य सम्बन्धी तालिमका समाजिक जनचेतना अभियान नेपाल महोत्तरी गा.पा. ६ लाई रु १२००००। भुक्तानी मध्ये प्रशिक्षक सहायोगी पारिश्रमिकमा रु ४५७५।- र बहालकर रु ८००।- समेत | ५३७५.०० | ४९२५.०० | ४५०.०० |
| ५१-०७६।१२।३ | वडा नं. १ देखि ९ सम्म खानेपानीको हयाण्ड पम्प र टयुवेल गाडने कार्यको उपभोक्ता समिति (अध्यक्ष सुशिल कुमार यादव ) लाई प्रथम रनिङ बिल रु १२५७६९३।२९ मध्ये भुक्तानी रु ११४८१२४। मा कर घट्टी कट्टी | ५८६९४.०० | ५०५७०.०० | ८१२४.०० |
| १०७-०७६।३।१९ | मुस्लिम टोल देखि दिपलालको घर सम्सी गौशालासम्म मुख्य बाटो हुँदै बिनोददासको भाईको घरसम्म ढलान कार्यको प्रथम रनिङ बिल रु ३४८०२१५।५ड मध्ये रु ३२१९४।०२ भुक्तानी गर्दा ज्यामी ज्याला रु १९०००। माटो ग्राभेल प्यान बिल रु २६००००। र सिमेन्ट , ग्राभेल , गिटी, ढुँगाको भ्याट बिल रु २५८६०१।९५समेत ( उ.स. अध्यक्ष बिरेन्द्र राय) | ६८५५२.०० | ४४१४८.०० | २४४०४.०० |
| ११८-०७६।२।२७ | औरही ५ सुगा बाँधमा पुल निर्माण कार्यको प्रथम रनिङ बिल रु १९९२०८१।०२ मध्ये उ.स. लाई भुक्तानी रु १७९२८७२। भुक्तानी गर्दा डोर हाजिर रु ६०७३५०। , माटो ,गिटी, बालुवा , सिमेन्ट ग्राभेल भ्याट बिल रु १३१५२२५।६३ र प्यान बिल रु ६०९२४। समेत | २९६२४.०० | २४३९०.०० | ५२३४.०० |
| १४१-०७६।३।१० | वडा नं. ५ को सडकहरुमा ढलान कार्य रु ३५९९२५६। ६३ मध्ये उपभोक्ता समिति ( अध्यक्ष महेश राय ) लाई रु ३२६४०००। ( भुक्तानी गर्दा डोर हाजिर रु १७८३४५०। माटो,,गिटी, ग्राभेल, बालुवाको प्यान बिल रु ९८१५००। , सिमेन्ट , ग्राभेलको भ्याट बिल रु १३७३४०। समेत | १३४२५४.०० | ५८८९६.०० | ७५३५८.०० |
| २१७-०७६।३।२५ | वडा नं. २ मा सडक ढलान कार्यको रु २६८४६०९। उ.स. योगदान बाहेक भुक्तानी गर्दा माटो ग्रभेल प्यान बिल रु २१६५८००। , सिमेन्ट , गटी, ग्राभेल भ्याट बिल रु | २४०१४३.४७ | १२६०३६.०० | ११४१०७.४७ |

| सि.नं. | भौ.नं.मिति र विवरण | | | | | रकम |
|---|---|---|---|---|---|---|
| | | ६६०४००। र ज्यामी ज्याला रु १२७७६१३।५९ समेत | | | | |
| | २३७-०७६।३।३१ | वडा नं. ७ को सडकमा माटो पुर्ने र ग्राभेलिङ कार्य रु २९२७३६६।१५ मध्ये उ.स. लाई भुक्तानी रु २६३४६२९।५३ गर्दा माटो , ग्राभेलको प्यान बिल रु १४६९०००। , भ्याट बिल रु ९४७२९६।८३ र ज्यामी ज्याला रु ५१३००। समेत | १६४६११.७३ | १३८१८०.०० | २५४३१.०० | |
| | १२-०७५।९।१५ | धर्मशाला भवन निर्माण कार्य रु.२२,१२२७८।३८ मध्ये उपभोक्ता समितिलाई रु.२० लाख भुक्तानी गरेकोमा गिट्टी, बालुवा, छड, सिमेन्ट रु.३००००००।०० र ज्यामी ज्याला रु.७८५५००।०० समेत | ५६६८६.०० | २६०७३.०० | ३०६१३.०० | |
| | ३४-०७५।१०।९ | अधुरो दलान निर्माण कार्यको उ.स लाई रु.११ लाख भुक्तानी गर्दा ईटा खरिद रु.१९७५००।०० मध्ये रु.९७५००।००, सिमेन्ट र छड खरिद रु.२७४०००।०० प्यान बिल,चौकस रु.१५४०००।०० सिमेन्ट छड भ्याट बिल रु.१२६५५२।०० र ज्याला रु.३४५२००।०० समेत | ६४४९४.०० | १६५००.०० | ४४९९४.०० | |
| | ३५-०७५।१०।११ | वडा नं. २ सोनामाई परिसर व्यवस्थापन तथा सौन्दर्यकरण कार्यक्रमको प्रथम रनिङ्ग बिल रु.१०९४३५५।०० भुक्तानी गर्दा माटो, बालुवा, इटाको प्यान बिल रु.२७११५८।००, सिमेन्ट, छड, रङ आदि रु.७८६२७८।०० र डोर हाजिर रु.३३८५३०।०० समेत | ४०९३७.०० | २००५७.०० | २०८८०.०० | |
| | ३-०७६।३।३१ | पछियारी पोखरीको पूर्व डिलमा घाट तथा तटवन्ध निर्माण कार्यको भुक्तानी रु ४८०००००। मा ज्यामी ज्यालामा रु ९३९८।५० , गिट्टी बालुवा, माटो समेतको ढुवानीमा १० प्रतिशत कर रु ११६७००। , अन्य सामाग्री खरिदमा १.५ प्रतिशत कर रु ५३३०३।३० समेत | १७९४०१.८० | १४७२६०.०० | ३२१४१.८० | |
| | ४-०७६।३।३१ | बिष्णु दर्शै आधारभुत बिद्यालय औरही ४ कविलासा ३ को ३ कोठे भवन निर्माण उ.स. ( अध्यक्ष रमेह सहनी) लाई रु २४०००००। भुक्तानी गर्दा सामाग्री खरिद भ्याट बिलमा १.५ प्रतिशत रु २३१६०। , माटो, बालुवा, गिट्टी समेत ढुवानीमा १० प्रतिशत कर रु ३७९५०। र ज्यामी ज्यालामा १ प्रतिशत सा.सु. कर रु ८५८६। समेत | ६९६९६.०० | ४२९८२.०० | २६७१४.०० | |
| | १४८-२०७६।३।१७ | कृषि सडकमा एस्काभेटरबाट माटो खन्ने पुर्ने कार्य रु १०७९९७१।३९ मध्ये न.पा. बाट रु ९६००००। भुक्तानी गर्दा ज्याला र भाडा भनी रु ११००४५०। को बिल पेश नभएको भुक्तानी रकममा १० प्रतिशत कर लाग्ने | ९६०००.०० | ११००५.०० | ८४९९५.०० | |
| | २-२०७६।३।११ | वडा नं. ३ को चेपकोट टोल देखि जलेश्वर बर्दिवास सडकमा ग्राभेल गर्ने कार्यको भुक्तानी रु १४१७८५८।१५ मा माटो , ग्राभेल ढुवानीमा १० प्रतिशत कर लाग्ने | १८२२१.०० | ११२५०.०० | ७५७१.०० | |
| | जम्मा | | १२३३८४५.०० | ७२५६०९.०० | ५०४७८५.२७ | |
| ३६. | **५२-०७५।१२।२४,** वडा नं. ३ कार्यालयको कमपाउण्ड भित्र ३ कोठे भवन निर्माण गर्न मिति ०७५।२।३० भित्र सम्पन्न गर्नुपर्ने गरी ल.ई. रु १२०८८६७४५ मध्ये नगरपालिकावाट रु १११००००। र बाँकी उपभोक्ता समितिले व्यहोर्ने गरी ०७५। २।१५ मा संझौता भएको छ । उपभोक्ता समतिको मिति २०७५।२।२० को बैठकले कार्य | | | | | १११००००.०० |

| सि.नं. | भौ.नं.मिति र विवरण | रकम |
|---|---|---|
| | सम्पन्न गर्न रु १२२१०००। - खर्च लागेको भनी उल्लेख गरेको र नापी कितावमा २०७५।२।१९ मा सम्पन्न भनी उल्लखित कार्यको ०७५।१२।१४ मा अर्थात १० महिना पछि रु १२८४०२७ को कार्य सम्पन्न प्रतिवेदन संलग्न गरी रु १११०००००। भुक्तानी गरेको अन्यिमित देखियो । बजेट हुँदाहुँदै गत आ.व. मा सम्पन्न योजनाको १० महिना पछि भुक्तानी गुर्न परेको कारण स्पष्ट नभएको र भुक्तानी दिन बाँकीको कच्चाबारी म.ले.प. १८ प्रमाणित बेगर खर्च लेखेको उक्त कार्यको सम्बन्धमा अनुगमन गरी गरई प्रमाणपेश गर्नुपर्ने रु | |
